# नेपाल स्वास्थ्य अनुसन्धान परिषद्

रामशाहपथ, काठमाण्डौ

सम्पर्क नं. ०१-४२५४२२०

## Ultra Low Freezer-86⁰C खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना

प्रथमपटक प्रकाशित मिति२०७५/०५/२१

यस परिषद्को निमित्त आवश्यक Ultra Low Freezer-86⁰C एक थान खरिद गर्नुपर्ने भएकोले इच्छुक कम्पनी, फर्म वा संस्थाहरुले निम्न शर्तहरुको अधीनमा रही सिलबन्दी दरभाउपत्र दाखिला गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. इच्छुक दरभाउपत्रदाताहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र फिर्ता नहुने गरी रु १०००/- (एक हजार रुपैयाँ) मात्र यस परिषद्को आर्थिक प्रशासन शाखामा बुझाई भण्डार शाखाबाट दरभाउपत्र फाराम खरिद गर्न सकिने छ ।

२. इच्छुक दरभाउपत्रदाताहरुले नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को भण्डार शाखाबाट आवश्यक जानकारी हासिल गर्न वा दरभाउपत्र पुस्तिका हेर्न तथा खरिद गर्न सकिनेछ ।

३. सिलबन्दी दरभाउपत्र पेश गर्दा फर्म दर्ताको नवीकरण भएको प्रमाणपत्र, मू.अ.कर दर्ताको प्रमाणपत्र र करचुक्ताको प्रमाणित प्रतिलिपि समेत साथै राखी पेश गर्नुपर्नेछ ।

४. दरभाउपत्र प्रथमपटक प्रकाशित भएको मितिले १६ औं दिनको १२.०० बजेभित्र परिषद्मा दर्ता गराइ सक्नुपर्नेछ ।

५. प्राप्त भएका दरभाउपत्रहरु १६ औं दिनको २:०० बजे उपस्थित भएका दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा यस परिषद्मा खोलिनेछ । तर दरभाउपत्रदाता वा नीजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

६. दरभाउपत्रदाताले दरभाउपत्रसाथ जमानत वापत रु ३०,०००/- (तीस हजार रुपैयाँ) मात्र नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को नयाँ बानेश्वर स्थित Standard Charterd Bank मा रहेको खाता नं. १८-००१८५४६-०६ मा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल सरकार बाट मान्यता प्राप्त वाणिज्य बैंकको बैंक जमानत कम्तीमा ७५ (पचहत्तर) दिन म्याद भएको पेश गर्नुपर्नेछ ।

७. दरभाउपत्र स्वीकृत गर्दा न्यूनतम मूल्यांकित, सारभुत रुपमा प्रभावकारी दरभाउपत्रलाई स्वीकृत गरिने छ ।

८. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन दरभाउपत्र खरिद गर्ने, दखिला गर्ने र खोलिने छ ।

९. दरभाउपत्रदाताले दरभाउपत्र फाराम भर्दा राम्ररी अध्ययन गरी सच्याएको ठाउँमा र प्रत्येक पानामा आफुले हस्ताक्षर गरी आफ्नो फर्मको छाप समेत लगाउनुपर्नेछ ।

१०. अन्य कुराहरुका हकमा प्रचलित ऐन, नियमहरु तथा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरीद नियमावली २०६४ (संसोधन समेत) बमोजिम हुनेछ ।

कार्यकारी अध्यक्ष

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्
स्थापित: २०४७